# धर्मभ्रष्ट र बिन्ती वा पहल



## शबाथ दिउँसो

*यस अध्यायको अध्ययनको लागि निम्न पदहरू पढ्नुहोस्:*
*प्रस्थान ३२:१-६; भजनसंग्रह ११५:४-८; यशैया ४४:९, १०; रोमी १:२२-२७; प्रस्थान ३२:७-३२; यशैया ५३:४।*

**याद गर्नुपर्ने पद:** **"अनि मोशाले परमप्रभुकहाँ फर्किगएर यसो भने, 'हाय! यी मानिसहरूले कस्तो ठूलो पाप गरेका छन्! तिनीहरूले आफ्ना निम्ति सुनका देवताहरू बनाएका छन्। तापनि तपाईंले तिनीहरूको पाप क्षमा गर्नुहुन्छ होला– हुन्न भनेता, तपाईंले लेख्नुभएको पुस्तकबाट मेरो नाउँनिशानै मेटिदिनुहोस्"** *(प्रस्थान ३२:३१-३२)*।

**मोशा** केवल ४० दिनसम्म मात्र इस्राएलको शिविरमा अनुपस्थित थिए तर के भयो? परमेश्वरका जनहरू उहाँबाट पिठ्युँ फर्काए र मानिसले बनाएको देवता वा सुनको बाच्छोलाई पूजा गरे। अनेकौँ शक्तिशाली र अलौकिक कामहरू तिनीहरूले देखे तापनि, अनुभवहरू गरे तापनि र आश्चर्य कामहरू देखे तापनि तिनीहरू त्यसरी पतित कसरी हुन सकेका थिए?

त्यसका जवाफहरू धेरै हुन सक्छन् र तिनीहरूमा केही सत्य पनि हुन सक्छ। के तिनीहरूलाई वास्तविक रूपमा परमेश्वर को हुनुहुन्छ भनेर बुझेकै थिएन त? वा तिनीहरूले अनुभव गरेका प्रभावकारी अनुभवहरूलाई

तिनीहरूका भौतिक र पापी चाहनाहरूले दबाएका थिए? परमेश्वरले तिनीहरूका लागि के गर्नुभयो, त्यसका निम्ति तिनीहरूले सराहना नै गरेका थिएनन् वा ती सबै भाग्यको खेल वा जे हुनुपर्थ्यो सो भयो भनेर विश्वास गरेका थिए? दिन-दिनै तिनीहरूका दिमाग पुरानो पापको सोचमा व्यस्त हुँदा तिनीहरूका समझमा के बादल लागेको थियो कि? वा तिनीहरूका निम्ति परमेश्वरका दयालु, करुणामय र निगाहका क्रियाकलापहरूप्रति तिनीहरू सराहना नै गर्न असक्षम भएका थिए? के तिनीहरू परमेश्वरका शक्तिशाली कामलाई तुरुन्तै बिर्सिन पुगेका थिए कि *(भजनसंग्रह १०६:१३, २१-२३)*? वा हारूनको असफल नेतृत्वमा सबै दोष थुप्रिन पुगेको थियो कि? व्यवस्था ९:२०मा यसरी व्यक्त गरिएको छ, "हारूनसँग प्रभु धेरै रिसाउनुभएको थियो र उनलाई तुरुन्तै नाश गर्न सक्नुहुन्थ्यो।"

जे कारणहरूले तिनीहरू यस्तो भयानक धर्मभ्रष्टको जालमा परे पनि त्यसबाट वर्तमान परिवेशमा हामीले के पाठ सिक्न सक्छौं? मानव पतित स्वभावको मात्र होइन मानिसको पापपूर्ण कामको बावजुद पनि परमेश्वरको अनुग्रह र प्रेमबाट हामीले पाठ सिक्न सक्छौं?

# असफल नेतृत्व

मोशासँग समय बिताउन परमेश्वरले उनलाई माथि डाँडमा बोलाउनुभएको थियो। चालिस दिन र चालिस रात मोशाको निम्ति एक क्षण मात्र भएको थियो तर इस्राएलीहरूका निम्ति लामो थिए। तिनीहरूले देख्ने अगुवा तिनीहरूका बीचमा थिएनन्। तिनीहरू अन्यौलमा परेका थिए, अधैर्य भएका थिए, डराएका र असुरक्षित महसुस गरेका थिए। तिनीहरूले देख्ने भगवान तिनीहरूलाई चाहिएको थियो जसले तिनीहरूलाई अगुवाइ गरून्। तिनीहरूका जीवनभरि देखेका मिश्रदेशका मूर्ति देवताहरूमा बाच्छो वा नन्दी अर्थात् साँढेबाट तिनीहरूको अगुवाइ गरेको तिनीहरूले चाहेका थिए।

पढ्नुहोस्: **प्रस्थान ३२:१-६ पढ्नुहोस्। यसरी छक्क पार्ने गरेर हारूनको नेतृत्व उल्लेखनीय तरिकाले कसरी असफल भयो त?**

हारून त्यतिकै त्यस परिस्थितिमा परेका थिएनन्। जे ठीक छ सो गर्ने उचित अवसर उनले गुमाएका थिए। परमेश्वरमाथि भरोसा राख्नुको सट्टा गल्ती नै भए तापनि उनी बहुमतको पक्षमा मत दिएर आफूलाई त्यस असफल हुने नेतृत्वमा पारेका थिए। परमेश्वरका अनेकौँ अलौकिक कामहरूलाई पन्छाएर ती इस्राएलीहरूले यसरी आम माग गरे जुन अशोचनीय नै थियो, "हे हारून, हाम्रा अघि-अघि जाने देवता हाम्रो लागि बनाइदिनुहोस्" *(प्रस्थान ३२:१)* र हारूनले तिनीहरूको पक्षमा नै उभिन पुगे।

मानिसहरूले स्वेच्छाले मूर्ति बनाउन सुनहरू दिए र अझ हारूनले रोकेन मात्र होइन अझ धेरै ल्याउन माग गरे। असत्य देवताको मूर्तिलाई बनाउन हारून आफै सरिक भए। अनि मानिसहरूले यो आम घोषणा गरे: "हे इस्राएलीहरू हो, यो नै तिमीहरूका भगवान हो जसले मिश्रदेशबाट

तिमीहरूलाई निकालेर ल्याए" *(प्रस्थान ३२:४)*। मानिसहरू कस्तो पापी, दुष्ट र अदूरदर्शी थिए। तिनीहरूले त्यस मूर्तिलाई आफ्नै कल्पनाअनुसार ढालेका थिए र यही मूर्तिले तिनीहरूलाई उद्धार गर्‍यो भनेर परमप्रभु परमेश्वरलाई साँढेको मूर्तिमा झारेका थिए। पापको नियतले दिमाग सर्किन्दा मानिसको सोचाइ र क्रियाकलापहरू नै कस्तो भ्रष्ट पारिँदोरहेछ। आफ्नै सृजनाप्रति खुशी भएर मानिसहरूले ठूलो रङ्गीचङ्गी उत्सव मनाए। यस प्रक्रियामा मानवता र नैतिकता कतिसम्म नीचभन्दा पनि नीच झर्दोरहेछ भन्ने ज्वलन्त उदाहरण देखिन्छ।

"यस्तो सङ्कटमा आफ्नो नीतिमा अटल रहने, निर्णयात्मक कदममा चल्ने र कसैले हल्लाउन नसक्ने साहस भएको मानिसको आवश्यकता हुन्छ। आफ्नो व्यक्तिगत सुरक्षा जोखिममा राख्नुपरे तापनि वा मर्न नै परे तापनि लोकप्रियतालाई लत्याएर परमेश्वरको आदर र इज्जत थाम्ने अगुवाको खाँचो थियो। तर तत्कालिन इस्राएलमा ती गुणहरू भएका अगुवा थिएन। केही हदमा हारूनले तिनीहरूका मागलाई आपत्ति जनाए तापनि उनी कमजोर र डरले काँपेर त्यस निर्णायक क्षणमा तिनीहरूका मागलाई पूरा गरे। अनि अनेकौँ चहलपहल, खैलाबैला र तहल्का मच्चियो। अन्धो, पागलपन र उन्मादले हुलका हुल मानिसहरूका दिमागलाई नियन्त्रण गरेको थियो। परमेश्वरसँगको करारमा कतिपय मानिसहरू बफादार नै भएर बसेका थिए। तर धेरै मानिस वा बहुमत मानिसहरूले भ्रष्ट हुने बाटोलाई रोजेका थिए। हारूनले आफ्नै सुरक्षाप्रति त्रसित भएका थिए। त्यसकारण, परमेश्वरको गौरव र इज्जतलाई थाम्न निडर भएर उभिनुको सट्टा भिडको मागमा आफूलाई सुम्पे।"—*पाट्रियार्क्स एण्ड प्रोफेटस*, पृ. ३१६, ३१७।

**राजा फारोसँग निडर भएर उभेका अगुवा हारून भिडको चापले कसरी कमजोर हुन पुगे? यस भयानक कामलाई हारूनले आफ्नो हृदयमा कसरी निर्दोष बनाउन खोजेका थिए होलान्?**

# मूर्तिपूजा र त्यसको दुष्ट उपज

पढ्नुहोस्: **प्रस्थान ३२:६ पढ्नुहोस्। तिनीहरूका मूर्तिपूजाले तिनीहरूलाई तुरुन्तै कसरो अधोगतिमा पुऱ्यायो?** *(यो पनि पढनुहोस्: भजनसंग्रह ११५:४-८; भजनसंग्रह १३५:१५-१८; यशैया ४४:९, १०)*।

सुनको बाच्छो मिश्रदेशको साँढे देवता एपिस वा गाई देवी हाथोरको मूर्तिजस्तो थियो। यो पहिलो र दोस्रो आज्ञाहरूका सरासर उल्लङ्घन थियो *(प्रस्थान २०:३-६)*। यो अपराध विनादण्ड छोडिनेथिएन किनकी यसले खुला रूपमा जीवित परमेश्वरसँगको सम्बन्ध तोडिएको थियो। सृष्टिकर्तालाई पूजा गर्नुको सट्टा इस्राएलीहरूले आफ्नै सृष्टिलाई ढोग्न पुगेका थिए, जो देख्न, सुन्न, सुँघ्न, बोल्न, स्याहार गर्न, माया गर्न र अगुवाइ गर्न सकेको थिएन।

सृष्टिको प्रक्रियालाई नै तिनीहरूले उल्टो बनाएका थिए: तिनीहरू नै परमेश्वरको स्वरूपमा बनाइएका हुन् भन्ने धारणालाई पन्छाएर तिनीहरूले आफ्नै देवता बनाए, त्यो पनि तिनीहरूका रूपमा होइन *तर पशुको रूपमा*। यही देवतालाई तिनीहरूले सेवा गर्न चाहेका थिए रे! मूर्तिलाई बनाएर त्यसलाई ढोग्दा तिनीहरूले अघोर पाप गरेका थिए जुन आज पनि कायमै छ *(यशैया ३१:७; यशैया ४२:१७)*।

हेर्नुहोस्: **सुनको बाच्छो बनाएर धर्मभ्रष्ट भएका मानिसहरूका चरित्र र स्वभावलाई रोमी १:२२-२७ले कसरी चित्रण गरेको छ? हेर्नुहोस्।**

मूर्तिपूजा गर्ने धर्मले परमेश्वर परमेश्वर हुनुहुन्छ र मानिस मानिस हो भन्ने थियोलोजी वा धार्मिक विज्ञानलाई सरासर धुलोमा फैँकेको ठहरिन्छ। मानिस र परमेश्वरका बीचमा दुरी वा रिक्त स्थान छ भन्ने धारणालाई मूर्तिपूजाले मेटिदिन्छ *(उपदेशक ५:२)*, र सनातन सृष्टिकर्ता परमप्रभु परमेश्वरसँगको सम्बन्ध विच्छेद हुन्छ। चाहे सरासर देख्ने गरेर मूर्तिपूजा होस् वा हृदयमा सजाएर राखिएको परमेश्वरलाई ओझेलोमा पार्ने तत्त्व होस्, मूर्तिपूजाले हाम्रो प्रभुसँगको सम्बन्ध टुटाइदिन्छ र मानिस नैतिक पतनतिर चिप्लन पुग्छ। त्यसकारण, भोलिपल्ट तिनीहरूले के गरे भनेर लेखिएको विवरणप्रति छक्क पर्नु आवश्यकता छैन। तिनीहरूले मूर्तिलाई बलिपूजा गरेपछि रमझम र पार्टी मनाए। एलेन जी. ह्वाइटले यसरी चित्रण गर्नुहुन्छ: "तिनीहरूले मिश्रदेशका मूर्तिपूजामा गर्ने भोज भतेर मनाए।"— *पाट्रियार्क्स एण्ड प्रोफेटस्*, ३२०।

मानव प्राणीहरू आफ्नै खालका मूर्ति, आफूलाई सुहाउँदो देवीदेवता र तत्त्वहरू आविष्कार र निर्माण गर्न अत्यन्तै खप्पिस छन्। तिनीहरूले आफ्नै देवीदेवताहरू खोपेर, ढालेर र ढुङ्गा तथा काठहरूबाट बनाएर तिनीहरू नै देवीदेवता भनेर पूजा गर्छन्, यो त ठूलो खराब प्रवृत्ति भएको बाइबलले चित्रण गर्छ। सृष्टिकर्तालाई पतित मानिसको मनोविज्ञान वा स्वभावले चित्रण गरेर वस्तुहरू बनाइन्छन्, जसले गर्दा ढिलो होस् वा चाँडो होस् मानिसलाई नैतिक ह्रास वा पतनतिर अगुवाइ गरिन्छ।

**कुन-कुन तरिकाले आज पनि मानिसहरूले सृष्टिकर्तालाई भन्दा सृष्टिलाई पूजा गरिरहेका छन्?**

# आफूले आफैलाई भ्रष्ट पार्दछन् र नैतिक पतनमा खसाल्छन्

**पढ्नुहोस्: प्रस्थान ३२:७, ८ पढ्नुहोस्। परमेश्वरले मोशालाई किन इस्राएलीहरूको शिविरमा फर्काउनुभयो?**

मूर्तिपूजाको धर्म र संस्कार तथा रीतिमा लाग्दा इस्राएलीहरू सत्य परमेश्वरबाट अलग हुने प्रक्रियामा लागेका थिए। जुन परमेश्वरले तिनीहरूलाई मिश्रको कठिन दासत्वको जीवनबाट उद्धार गर्नुभएको थियो, उहाँलाई बिर्सिने र बेवास्ता गर्ने जिकिरमा तिनीहरूले आफूहरूलाई पारेका थिए। परमेश्वरले दोष सिधै तिनीहरूलाई लगाउनुभएको थियो। "तिनीहरूले आफूहरूलाई भ्रष्ट पारे" *(प्रस्थान ३२:७)*। अझ तिनीहरूलाई उद्धार गर्ने श्रेय तिनीहरूले साँढेलाई दिएका थिए। परमेश्वरले जे नगर्नू भन्नुभएको थियो, त्यही तिनीहरूले गरेका थिए *(प्रस्थान २०:२)*! परमेश्वरको उपस्थितिलाई तिरस्कार गर्ने र उहाँका शक्तिशाली कामहरूलाई सरासर अस्वीकार गर्ने प्रवृत्ति उहाँको निम्ति सरासर गम्भीर आपत्तिजनक थियो। तिनीहरूका सोचविचार र भावनाहरू विकृति र पूरै भ्रष्ट भएका थिए।

परमेश्वरका जनहरूलाई दयनीय अवस्थामा पुऱ्याउने मुख्य कारण मूर्तिपूजा थियो भनेर अगमवक्ता इजकिएलले स्पष्ट पारेका थिए। त्यही मूर्तिपूजाबाट अरू सबै पापहरू उब्जन्छन् भनेर उनले बताएका थिए *(उदाहरणको लागि निम्न पदहरू पढ्नुहोस्: इजकिएल ८:१-१८; इजकिएल २०:१-४४; इजकिएल २२:१-१२)*। मानव निर्मित र आविष्कारित विभिन्न देवीदेवताहरूप्रति किन पौराणिक (वा आधुनिक) मानिसहरू मोहित भएका थिए र त्यसबाट किन फर्किन चाहेनन् भनेर हामी अचम्म मानेर सोच्छौं। हामी भन्छौं कि हामी पौराणिक देवीदेवताहरूलाई पूजा गरेर भ्रष्ट कहिले

पनि हुँदैनौं, तर वास्तिविक रूपमा के हामी मूर्तिहरूबाट स्वतन्त्र छौं त? आजका मूर्तिहरूको अर्को आकार र रूपहरू होलान्, तर तिनीहरूमा मोहित हुने बानी पौराणिक वा आधुनिक मूर्तिपूजाको मोहजस्तै हो।

जुन तत्त्वले हाम्रो दिमाग र आराधनामा परमेश्वरको ठाउँ लिन्छ, त्यो नै मूर्ति हो। हामी कतिपयले त्यो ठीक वा उचित छैन भनेर महसुस गरे तापनि हामी त्यतैतिर लागिरहेका हुन्छौं। हाम्रो सोचविचार, कल्पना, मोह, समय र दिमागमा परमेश्वरलाई भन्दा यसलाई बढि ध्यान दिइरहेका हुन्छौं। हामीले जसलाई पुज्छौं वा सेवा गर्छौं, हामी त्योजस्तै हुन्छौं, र हाम्रो भगवानभन्दा अथवा हाम्रा नैतिकता र आचरणभन्दा माथि हामी उक्लिन्दैनौं।

यदि तपाईंको जीवनमा परमेश्वर केन्द्र बिन्दु हुनुभएन भने उहाँको ठाउँमा अरूले नै लिइरहेको हुन्छ। यदि परमेश्वरको उपस्थिति हामीलाई रमाइलो लाग्दैन र हाम्रो जीवनमा उहाँको जीवित उपस्थितिलाई सुदृढ बनाउन चाहेनौं भने, हामी अरू थोक वा व्यक्तिलाई जीवन अर्पण गरिरहेका हुन्छौं। येशूका बदलीमा अरू तत्त्वहरूप्रति मोहित हुनु भनेकै हाम्रो मानव मिजासलाई विकृतिमा पार्नु हो। त्यसको उपज: घमण्ड, अभिमान, आत्म-केन्द्र, अरूलाई दबाएर आफ्नो भाउ खोज्नु, पैसाप्रति मात्र लोभ, शक्तिको चाहना, यौनक्रिडामा मस्त हुने, खाना, टेलिभिजन, मोबाइल, लागु पदार्थ दुर्व्यसन, जाँड रक्सीप्रति मोह, अशुद्ध सोचविचार र कल्पनाहरू, अश्लिल फोटोहरू हेर्ने बानी, रमाइलो र रमझम गर्ने काममा मात्र तल्लित हुने, खेलमा आकर्षित हुने, परिवार, भिडियो खेल, फिल्महरू, पसलमा पैसा खर्च गर्ने, विभिन्न अस्वस्थ कल्पना, राजनीति, सङ्गीत, पद ओहोदा, प्रतिष्ठा आदि। त्यसो सूचीको त अन्त्य नै छैन।

यस्तै कुरा हामी सृजना र आविष्कार गरिरहन्छौं। कुनै असल, सुन्दर र अर्थपूर्ण कुरालाई हामी मूर्ति बनाउन सक्छौं। मूर्तिपूजा अत्यन्तै खतरापूर्ण छ किनकी यसले मानिसको व्यक्तित्व, विचार गर्ने शैली, स्नेह र सामाजिक जीवनलाई नै परिवर्तन गर्न सक्छ। हाम्रो व्यक्तिगत पहिचानलाई यसले परिवर्तन गर्न सक्छ र अन्तमा रिक्त र अर्थहिन थोकहरूमा मात्रै मोहित हुन्छौं जसले हामीलाई अनन्त जीवन दिन सक्दैन।

# परमेश्वरको धार्मिक क्रोध

पढ्नुहोस्: **प्रस्थान ३२:९-२९ पढ्नुहोस्। इस्राएललाई नाश गर्ने परमेश्वरको धम्किप्रति मोशाको प्रतिक्रिया कस्तो थियो?**

---

---

तल शिविरमा आपत्तिजनक गतिविधिहरू भइरहेका समयमा मोशा सिनै पहाडमाथि नै थिए। इस्राएलीहरूका गतिविधिहरू देखेर परमेश्वर रिसले अत्यन्तै आगो हुनुभयो। ती सबै विद्रोहीहरूलाई भस्म पारेर मोशाकै सन्तानबाट महान् राष्ट्र खडा गर्ने भनेर उहाँले मोशालाई सुनाउनुभयो। तर त्यो मोशाको चाहना थिएन। बरु उनले अनुनय बिन्ती गरेर प्रभुलाई भने कि इस्राएलीहरू उनका जनहरू होइनन् तर परमेश्वरकै हुन्। मोशा आफूले नै तिनीहरूलाई मिश्रबाट निकालेर ल्याएका होइनन् तर उहाँले नै महान् अलौकिक काम गरेर ल्याउनुभएको थियो भनेर उनले सुनाए। अनि पुर्खाहरूलाई उहाँले दिनुभएको प्रतिज्ञाहरूलाई सम्झाएर मोशाले ती इस्राएलहरूका निम्ति पहल गरे। मोशाले परमेश्वर र मानवताको बीचमा मध्यस्थकर्ना भएर बिन्ति गरिरहेका थिए।

त्यसपछि "आफ्ना मानिसहरूलाई हानि गर्नदेखि परमप्रभुले आफ्नो मन बद्लनुभयो" *(प्रस्थान ३२:१४)*। अनि मोशा शिविरमा ओर्लेर आए। प्रस्थान ३४:२९, ३०मा लेखिए जस्तो परमेश्वरको सम्मुखमा उनी भएकोले उनको अनुहार अत्यन्तै चम्किएको थियो भन्ने कुरा यही अवस्थामा लेखिएको छैन। हुन सक्छ उनको अनुहारमा प्रभुको क्रोध प्रतिबिम्बित भएको थियो।

"जब मोशा शिविरमा आए तब उनले बाच्छालाई देखे; र मानिसहरू छाडा भएर त्यसको वरिपरि नाचिरहेका थिए। उनको अनुहार रिसले रातो पिरो भयो र दश आज्ञाको पाटीलाई हातबाट उनले फैंकेर पहाडको फेदीमा

टुक्रा-टुक्रा पारे" *(प्रस्थान ३२:१९)*। दश आज्ञालाई टुक्रा-टुक्रा पार्नुको अर्थ त्यहाँ भएका आदेशहरूलाई ठुक्राएको प्रमाणित गर्नु हो। प्रभुले मोशालाई हप्काउनुभयो र पछि त्यसको सट्टामा मोशा आफैले दुई पाटी कुँद्नु भनेर आज्ञा गर्नुभयो। प्रभुले भन्नुभयो, "तिमीले फुटाएका पहिलेका पाटीमा भएका वचनहरू म यी पाटीमा लेखिदिनेछु, अनि ती तिमीले सन्दूकमा राख्नुपर्छ" *(व्यवस्था १०:२)*। परमेश्वर आफै दश आज्ञाहरू फेरि लेख्नुभएको थियो।

मानिसहरूका मागप्रति समर्पण गरेकोले मोशाले आफ्नै दाजु भए तापनि हारूनलाई साफ हप्काए। "मोशाले हारूनलाई भने, 'यी मानिसहरूले तपाईंलाई के गरे, र तपाईंले यिनीहरूलाई यस्तो ठूलो पापमा लानुभयो?'" *(प्रस्थान ३२:२१)*। त्यो घोर अपराध गरेकोबाट हारून पन्छिनन् (१) अरूहरूलाई दोष लगाए (२) जादु भएको भनेर सुनाए, "मैले सुनलाई आगोमा फ्याँके त्यहाँबाट यो बाच्छा पो निस्के!" *(प्रस्थान ३२:२४)*। परमेश्वर आफैले हारूनलाई सम्मान गर्नुभएको थियो र मोशासँग र ७० अगुवाहरूसँग पहाडमा उक्लिने अनुमति दिनुभएर धेरै विशेषाधिकार दिनुभएको थियो *(प्रस्थान २४:१)*, त्यसको बाबजुद पनि भिडको पछि लाग्नुचाहिँ अत्यन्तै खराब थियो।

कस्तो अन्धो विडम्बना हो यो! अचम्म काम भयो भनेर हारूनले आफ्नो भाइलाई छकाउन खोजेका थिए। (एउटा पापले अर्को पापतिर अग्रसर गराउँछ; यस मूर्तिपूजाको मामिलामा हारूनले झुटो करा गरेका थिए)। तर मानिसहरू कसरी छाडा भएर जङ्गली तरिकाले उफ्रेका थिए, त्यो देखेर मोशा भ्रममा परेनन्। त्यसको नकारात्मक नतिजाहरू देखिएकोले मानिसहरूका विद्रोहलाई मोशाले तुरुन्तै रोक्नुपरेको थियो।

**अरूहरूका निम्ति पहल गरेर प्रार्थना गर्नुको प्रभावकारिता कस्तो हुन्छ भनेर यस कथाले हामीलाई के सिकाउँछ? अहिले नै तपाईंले कसको निम्ति प्रार्थना गरिरहनुभएको छ?**

# अन्तर्बिन्ती

पढ्नुहोस्: **प्रस्थान ३२:३०-३२ पढ्नुहोस्। पापीहरूका निम्ति पहल गर्दै परमेश्वरका सामु अन्तर्बिन्तीको प्रार्थना गर्न मोशा के हदसम्म गएको थिए?**

---

---

मानिसहरूका विद्रोहका कारण इस्राएली शिविरमा भयानक विपदहरू आएका थिए। धेरै मानिसहरूको मृत्यु पनि भएको थियो *(प्रस्थान ३२:२८)*। भोलीपल्ट मोशाले मानिसहरूलाई यो घोषणा गरे, "तिमीहरूले ठूलो पाप गरेका छौ। तर अब म परमप्रभुकहाँ उक्लेर जानेछु। शायद तिमीहरूको यो पापको निम्ति म प्रायश्चित गर्न सक्छु होला" *(प्रस्थान ३२:३०)*।

"अनि मोशाले परमप्रभुकहाँ फर्किगएर यसो भने, 'हाय! यी मानिसहरूले कस्तो ठूलो पाप गरेका छन्! तिनीहरूले आफ्ना निम्ति सुनका देवताहरू बनाएका छन्। तापनि तपाईंले तिनीहरूको पाप क्षमा गर्नुहुन्छ होला– हुन्न भनेता, तपाईंले लेख्नुभएको पुस्तकबाट मेरो नाउँनिशानै मेटिदिनुहोस्'" *(प्रस्थान ३२:३१-३२)*।

मोशालाई येशू ख्रीष्टको प्रतीक मान्नुमा हामी अनौठो मान्नुपर्दैन। पापीहरूका निम्ति उनले अन्तर्बिन्ती गरेका थिए। तिनीहरूका निम्ति आफ्नै ज्यान दिन पनि तयार थिए। उनले येशू ख्रीष्टलाई प्रतिबिम्ब गरेका थिए, किनकी उहाँले हामी सबैका निम्ति ज्यान दिनुभएको थियो। ओहो, अघोर पापीहरूका निम्ति उनले कस्तो करुणा देखाए! प्रभुप्रति आफ्नो पूर्ण समर्पणता र उनका जनहरूका निम्ति उनले त्यागी प्रेम देखाएका थिए। यस बेला मोशा पहाडमा कति दिन रहे भनेर प्रस्थानको पुस्तकले हामीलाई बताउँदैन। तर व्यवस्था ९:१८मा यस समय पनि उनी ४० दिन रहेका थिए भनेर उल्लेख गरिएको छ।

प्रस्थान ३२:३२मा “क्षमा” भन्ने शब्द “सह्नु” वा “बोक्नु” भन्ने आधारभूत क्रियापदबाट आएको हो, जस्तै यशैया ५३:४मा येशूको बारेमा यसरी लेखिएको छ, “निश्चय नै उसले हाम्रा निर्बलताहरू बोक्यो।” त्यही क्रियापदको अनुवादमा “क्षमा दिनुहोस्” भन्ने शब्द प्रस्थान ३२:३२मा र यशैया ५३:४मा “बोक्यो” भन्ने शब्द प्रयोग गरिएको छ। मुक्तिको प्रक्रियामा अपनाइएको प्रभावकारी कदम सराहनीय छ। हामीलाई मुक्ति दिन र क्षमा दिन परमेश्वरले ठूलो मूल्य चुकाउनुभएको थियो।

हो, मानिसहरूका पापहरू परमेश्वरले नै बोकून् भनेर मोशाले उहाँलाई अनुनय बिन्ती चढाएका थिए। केही हजार वर्षपछि क्रूसमा उहाँले ती पापहरू बोक्नुभएको थियो। मानिसको निम्ति क्षमा गर्ने मात्र होइन, परमेश्वर आफै मानिसले बोक्ने पाप बोक्नुभएको भनेर प्रस्थान ३२:३२को धारणाले देखाउँछ।

क्षमा कहाँबाट आउँछ भनेर त्यस पदले देखाउँछ। परमेश्वर आफै ख्रीष्टमा रहनुभएर हाम्रा पापहरू बोक्नुभएको थियो। यही उपायबाट मात्र हाम्रा पापहरूको क्षमा हुन्छ। हाम्रो सामु र सारा जगत्‌को सामु मुक्तिको योजनालाई प्रभावकारी रूपमा व्यक्त गरिएको र हामीलाई मुक्ति दिन परमेश्वरले चुकाउनुभएको मूल्यको सार प्रस्थान ३२:३२ले देखाउँछ।

**मानिसहरूका पाप परमेश्वर आफैले बोक्न मोशाले बिन्ती गर्छन्। येशूद्वारा त्यो काम सम्पन्न भएको थियो। यो अचम्मको सत्यलाई हाम्रो दिमागमा कसरी सजाउने? पतित मानिसको निम्ति परमेश्वरको प्रेम यसले कसरी बताउँछ?**

**थप जानकारी:** एलेन जी. ह्वाटले लेख्नुभएको *पाट्रियार्क्स एण्ड प्रोफेटसको* पृ. ३१५-३२७को “आइडोलेट्री आट साइनाइ” भन्ने अध्याय पढ्नुहोस्।

विश्वासीहरूका बीचमा परमेश्वरको काम यस अध्यायमा विशेष गरेर हेर्‍यौं। प्रभुले के गर्न सक्नुहुन्छ भनेर एफिसी ३:२०मा लेखिएको छ, “उहाँलाई, जसले हामीभित्र काम गर्ने उहाँको शक्तिअनुसार हामीले मागेको वा चिताएको भन्दा ज्यादै प्रशस्त मात्रामा गर्न सक्नुहुन्छ।” हामीले आफूलाई हेर्नुहुन्न र हाम्रो व्यक्तिगत चाहनालाई सन्तुष्ट पार्न खोज्नुहुन्न। यसले मूर्तिपूजातिर अग्रसर गराउँछ। बरु हाम्रो ध्यान परमेश्वर र उहाँको शक्तिमा केन्द्रित गर्नुपर्छ। उहाँले नै शक्ति दिनुहुन्छ। उहाँले नै नयाँ र विजयी जीवन पाउन अगुवाइ गर्नुहुन्छ *(फिलिप्पी ४:१३; यहूदा १:२४, २५)*।

“मूर्तिपूजा गर्ने पापीमाथि दण्ड दिन न्यायभन्दा प्रेमले कम माग गरिएको थिएन। परमेश्वर उहाँका जनहरूका अभिभावक र सर्वेसर्वा पनि हुनुहुन्छ। जो विद्रोह नै गर्ने मनस्थितिमा रहन्छन्, तिनीहरूलाई परमेश्वरले आफूबाट अलग राख्नुहुन्छ ताकि तिनीहरूले अरूहरूलाई विनाशमा नपारून्। कयिनको जीवनलाई त्यसै छोड्नुभएर सारा जगत्का सामु परमेश्वरले यो देखाउनुभएको थियो कि दण्ड नदिईकन पापलाई त्यसै छोड्दा के हुँदोरहेछ। उसलाई बाँच्न दिँदा उसका सन्तानले उसको जीवन र शिक्षा पाएर संसार नै भ्रष्ट बनाएका थिए। त्यसको फलस्वरूप सारा संसारलाई नै जलप्रलयद्वारा नाश गर्नुपरेको थियो। जति मानिसहरू धेरै बाँचे, त्यति धेरै तिनीहरू भ्रष्ट भएका थिए। सिनैमा धर्मभ्रष्ट भएको घटनाले पनि त्यही देखाएको थियो। अपराध र परमेश्वरप्रतिको विद्रोहलाई तुरुन्तै समाधान नगरेमा त्यही नतिजाहरू हामीले देखिरहनेछौं र देखिरहेका छौं।”—*पाट्रियार्क्स एण्ड प्रोफेटस्*, पृ. ३२५।

## छलफलको लागि प्रश्नहरू:

१. सृष्टिकर्तालाई भन्दा सृष्टिलाई मानिसहरूले कसरी पूजा गर्न सक्दछन्? सृष्टिका पर्यावरणलाई सुरक्षा गर्नेको नाउँमा त्यसलाई कसरी पूजा गर्नदेखि बच्न सकिन्छ?

२. मूर्तिपूजकहरूको गति के भयो, त्यसप्रति गम्भीर प्रतिक्रिया जनाउन त सकिन्छ। हठी भएर पश्चात्ताप नगरेका र परमेश्वर र उहाँका शिक्षालाई निरन्तर रूपमा विद्रोह गर्ने मानिसहरूलाई मार्न मोशाले किन आदेश दिए? के त्यसले येशूको आगमन हुने समयको विद्रोही मानिसहरूको हुने गतिको पूर्व सूचना थियो कि?

३. पापी मानिसको निम्ति येशू वैकल्पिक पश्चात्तापको बलि हुनुभएको थियो। त्यसको विकल्प अरू किन छैन? यसलाई अस्वीकार गर्ने र न्यूनीकरण गर्ने धार्मिक शिक्षा किन मान्य छैन? १ पत्रुस २:२४ पढ्नुहोस्। हाम्रो सट्टामा येशू मर्नुभयो भनेर त्यस पदले कसरी प्रभावकारी रूपमा प्रकट गर्दछ?

# परमेश्वरको प्रेममा बेरिएको

*लेखक:* आन्ड्रयु मेकचेस्नी

इटालीको फ्लोरेन्समा एउटा नाचमा फुलभियालाई भेटेपछि सोह्र वर्षीय डोमेनिकोले उनलाई गुमाउन चाहेन। त्यसैले, उनले उसका आमाबाबुको बारेमा सोध्दा उसले झूट बोलेको थियो।

"तपाईंका आमाबाबु के गर्नुहुन्छ?" उनले सोधिन्।

"मेरा आमाबाबु धेरै धनी छन्," उसले जवाफ दियो। "उनीहरूको एउटा सुन्दर कार छ।"

त्यसपछि फुलभियाले ऊ कहाँ बस्छ भनेर सोधिन्। विचारै नगरी उसले उनलाई आफू रहेको अनाथालयको ठेगाना दिए। उसको ठेगानामा फुलभिया गइन्। उनले अनाथालय भेट्टाए, डोमेनिकोले अब झूट बोल्न सकेनन्। "म अनाथ हुँ," उसले भने। "म यहीँ बस्छु।"

फुलभियाले आफ्नो बुबालाई सबै कुरा बताइन्, र डोमेनिकोले सोच्यो कि उनीहरूको सम्बन्ध समाप्त भयो। तर उनको बुबाको प्रतिक्रियाले डोमेनिकोलाई छक्क पार्‍यो।

"हाम्रा तीन छोराछोरीहरू छन्," उनले भने। "उसलाई पनि हामीसँग बस्न बोलाउनु। अनि हामी चार जना हुनेछौं।"

फुलभियाको परिवारले डोमेनिकोलाई आफ्नै छोराजस्तै माया गर्न थाल्यो। ऊ बराबर तिनीहरूका घरमा आउँथ्यो। तिनीहरूका प्रेममा डुबेको डोमेनिकोले पहिलो पटक परमेश्वरको प्रेम अनुभव गरे। उसले परमेश्वरको बारेमा सुनेको त थियो, तर अब उसले वास्तविक जीवनमा उहाँको प्रेमलाई नै देख्न थाल्यो। उसको मनमा परमेश्वरलाई चिन्ने इच्छा बढ्यो, र उसले प्रार्थना गर्न थाल्यो।

वर्षौंपछि, डोमेनिकोले अनाथालय छोड्यो र २२ वर्षको हुँदा फुलभियासँग विवाह गऱ्यो। ऊ अझै पनि परमेश्वरलाई चिन्न चाहन्थ्यो। उसले अनाथालयमा १९५६को अमेरिकी चलचित्र द *टेन कमान्डमेन्ट्स* हेरेको थियो। सबै टेन कमान्डमेन्ट्स पालना गर्ने चर्च छ कि भनेर उसले सोच्यो। बाइबलले बताएकै अनुसार इसाई जीवन बिताउने कोही छ कि उसले खोजीनिती गर्न थाल्यो।

एक दिन, जब ऊ ३० वर्षको थियो, डोमेनिकोले रेडियो खोल्यो र एउटा आवाज सुन्यो, "अब हामी प्रेरित पावलको बारेमा कुरा गर्नेछौं।" डोमेनिकोले सुन्यो र रेडियो कार्यक्रमका प्रस्तोताले भनेको कुरा अरू इसाईहरूको भन्दा फरक भएको उसले थाहा पायो। उसले नियमित रूपमा त्यो रेडियो कार्यक्रम सुन्न थाल्यो। जब एक वक्ताले एलेन जी. ह्वाइटको *स्टेप्स टु क्राइस्ट* नामक पुस्तकको कुरा गरे तब उनले त्यो किताब पाउन फोन गऱ्यो। उसले रेडियोमा सुनेका कुराहरूका बारेमा भएका प्रश्नहरूका जवाफ दिन सक्ने व्यक्तिद्वारा पुस्तक उसको घरमा पुऱ्याउन सकिन्छ कि भनेर पनि अनुरोध गऱ्यो।

इमानुएल र उनकी श्रीमतीले डोमेनिकोको घरमा पुस्तक लिएर आए। इमानुएलले डोमेनिकोका प्रश्नहरूको जवाफ दिन बाइबल खोले र उनको अनुरोधमा सेभेन्थ-डे एड्भेन्टिष्ट चर्चको इतिहास सुनाए। त्यसपछि इसाई धर्मको इतिहासको बारेमा जान्न चाहेर डोमेनिकोले द *ग्रेट कन्ट्रोभर्सी* पनि पढे।

सात महिनाको बाइबल अध्ययनपछि, डोमेनिकोले परमेश्वरको प्रेममा डुबेको महसुस गरे, र उसले बप्तिस्मा लियो। "म एड्भेन्टिष्ट रेडियोप्रति आभारी छु किनभने यसले मेरो जीवन परिवर्तन गऱ्यो," अहिले ६८ वर्षका डोमेनिको सिभार्डीले यस लेखकलाई बताए।

